# छिन्नमस्ता गाउँपालिका
# आर्थिक विधेयक २०७४

छिन्नमस्ता गाउँपालिका

सखडा, सप्तरी

प्रदेश नं. २

# छिन्नमस्ता गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक

प्रस्तावना :

छिन्नमस्ता गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छिन्नमस्तागाउँ सभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

२. (१) यस ऐनको नाम आर्थिक ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन छिन्नमस्तागाउँसभालें पारित गरेको मिति देखि छिन्नमस्ता गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

३. **भुमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाईने तथा असुल उपर गरिनेछ ।

४. **घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घरजग्गा वहाल कर लगाईने तथा असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारेवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाईने तथा असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाईने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यबस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यबस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **घरधुरी कर** : गाउँपालिका क्षेमा रहेका घर धुरीको यकिन गरी घरधुरी कर लगाईने र असुल उपर गरिनेछ ।

१३. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधी** : यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१५. **कर लगाएको मानिने** : गाउँसभावाट यो ऐन पारित हुनुभन्दा अघि साविकका गाँउ विकास समिति तथा हालका गाँउपालिकावाट निर्धारण गरेको करको दरका आधारमा कर संकलन गरिएको भउ उक्त करलाई यही ऐन अनुरुप लिएको समेत मानिने छ ।

| क्र.सं. | बिबरण | दररेट |
|---|---|---|
| १. | गा.पा. बोर्ड बाट दिईने सिफारीस दस्तुर | २५० |
| २. | नागरिकता, नागरिकता प्रतिलिपि सिफारीस दस्तुर | ५० |
| ३. | अंगिकृत नागरिकता सिफारीस दस्तुर | १०० |
| ४. | नम्वरी जग्गाको रुख काट्ने सिफारीस दस्तुर ७ (सात वटा सम्मको)<br>(एक भन्दा बढी भएमा प्रति गोटा रु. ५०।००) | ५०० |
| ५. | बसोबास सिफारीस दस्तुर | १५० |
| ६. | चारित्रिक सिफारीस दस्तुर | ५० |
| ७. | **घर कायम सिफारीस दस्तुर**<br>पक्की<br>कच्ची | <br>४००<br>१०० |
| ८. | टेलिफोन जडान सिफारीस दस्तुर | १०० |
| ९. | बिद्युत मिटर जडान सिफारीस दस्तुर<br>थ्रि फेस लाईनको बिद्युत जडान सिफारीस | ५०<br>५०० |
| १०. | विवाह प्रमाणीत सिफारीस दस्तुर | १०० |
| ११. | उद्योग व्यवसाय बन्द सिफारीस दस्तुर | २०० |
| १२. | नाता प्रमाणीत सिफारीस दस्तुर | २०० |
| १३. | जग्गा नामसारी सिफारीस दस्तुर | २०० |
| १४. | सर्जमिन सिफारीस दस्तुर | ४०० |
| १५. | साधारण तथा नाम, थर, ठेगाना, उमेर संसोधन सम्बन्धी सिफारीस दस्तुर | ५० |
| १६. | नेपाल बाहेक अन्यत्र गरीने सिफारीस दस्तुर | १५०० |
| १७. | सहुलियत काठ सिफारीस दस्तुर | ५०० |
| १८. | **घर ठाउसारी सिफारीस दस्तुर**<br>न.पा. भित्र फुसको १ तले<br>न.पा. बाहिर लैजाने सिफारीस दस्तुर<br>न.पा. भित्र २ तले टिनको घर<br>न.पा. बाहिर २ तले टिनको घर | <br>५०<br>१००<br>२००<br>३०० |
| १९. | डिलरसीपका लागि गरिने सिफारीस दस्तुर | ३००० |
| २०. | ब्लक जग्गा बिक्री गर्दा वा अंशबण्डा गर्दा प्रति कठ्ठा | १०० |
| २१. | **पेन्सन पट्टा सिफारीस दस्तुर**<br>नेपाल गरिने सिफारीस<br>भारतका लागि गरिने सिफारीस<br>अन्य देशका लागि गरिने सिफारीस | <br>५००<br>१०००<br>२५०० |
| २२. | **अपुतालि सिफारीस**<br>नेपालमा गरिने<br>विदेशमा गरिने | <br>३०००<br>६००० |
| २३. | मोही जग्गा नामसारी/मोही कायम सिफारीस दस्तुर | २०० |
| २४. | **मोही लगत कट्टा सिफारीस दस्तुर**<br>१ कठ्ठा देखि ५ कठ्ठा सम्म<br>५ कठ्ठा भन्दा माथि | <br>३००<br>५०० |
| २५. | **चार किल्ला**<br>पिच बाटोले छोएको<br>ग्राभेल बाटोले छोएको<br>कच्ची बाटोले छोएको<br>बाटोले नछोएको<br>*पुनश्च : एउटै सिफारीस पत्रमा १ भन्दा बढी वडामा रहेको जग्गाको चार किल्ला गर्दा वडा पिच्छे अलग अलग दस्तुर लिने।* | <br>३००<br>१५०<br>१००<br>१०० |
| २६. | **आगलागी सिफारीस दस्तुर** | |

| क.सं. | बिवरण | दररेट |
|---|---|---|
| | बिमा भएको सामान्य घरको | १००० |
| | बिमा भएको साना घरेलु उद्योग | ३००० |
| | बिमा भएको मझौला उद्योग | ५००० |
| | ठुलो उद्योग (फ्याक्ट्री) भए | १०००० |
| २७. | स-शुल्क मेला सर्कस नाच आदि चलाउन सिफारीस दस्तुर | २००० |
| | फरक फरक प्रकारका खेल, नाच आदीलाई | ५०० |
| २८. | सिनेमा हल खोल्न गरिने सिफारीस दस्तुर | १०००० |
| २९. | **अमिन दस्तुर** | |
| | ० कठ्ठा देखि २ कठ्ठा सम्म | २०० |
| | २ कठ्ठा देखि ५ कठ्ठा सम्म | ३०० |
| | ५ कठ्ठा भन्दा माथी सवैमा | ३०० |
| ३०. | **घरबाटो सिफारीस दस्तुर** | |
| | **पिच बाटोले छोएको प्रति कित्ता** | |
| | ० देखि १० धुर सम्मको | १०० |
| | १० धुर भन्दा माथी १ कठ्ठा सम्मको | २०० |
| | १ कठ्ठा भन्दा माठी २ कठ्ठा सम्मको | २५० |
| | २ कठ्ठा भन्दा माथी ३ कठ्ठा सम्मको | ३०० |
| | ३ कठ्ठा भन्दा माथी ५ कठ्ठा सम्मको | ५०० |
| | ५ कठ्ठा भन्दा माथी प्रती कठ्ठा थप | १००० |
| | पुनश्च : एक कित्ताबाट जति जग्गा विक्रीको लागि सिफारीस गर्ने हो सोही क्षेत्रफल बमोजिमको मात्र दस्तुर लाग्नेछ ।<br>– कृषि भूमीको हकमा मात्र प्रति कित्ताको दरले लिने । | |
| | **ग्राभेल बाटोले छोएको प्रति कित्ता** | |
| | ० देखि १० धुर सम्मको | १०० |
| | १० धुर भन्दा माथी १ कठ्ठा सम्मको | १०० |
| | १ कठ्ठा भन्दा माठी २ कठ्ठा सम्मको | १०० |
| | २ कठ्ठा भन्दा माथी ३ कठ्ठा सम्मको | १०० |
| | ३ कठ्ठा भन्दा माथी ५ कठ्ठा सम्मको | १०० |
| | ५ कठ्ठा भन्दा माथी प्रती कठ्ठा थप | १०० |
| | **कच्ची बाटोले छोएको प्रति कित्ता** | |
| | ० देखि १० धुर सम्मको | ५० |
| | १० धुर भन्दा माथी १ कठ्ठा सम्मको | १०० |
| | १ कठ्ठा भन्दा माठी २ कठ्ठा सम्मको | १०० |
| | २ कठ्ठा भन्दा माथी ३ कठ्ठा सम्मको | १०० |
| | ३ कठ्ठा भन्दा माथी ५ कठ्ठा सम्मको | १०० |
| | ५ कठ्ठा भन्दा माथी प्रती कठ्ठा थप | १०० |
| | **बाटोले नछोएको प्रति कित्ता** | |
| | ० देखि १० धुर सम्मको | ५० |
| | १० धुर भन्दा माथी १ कठ्ठा सम्मको | ७५ |
| | १ कठ्ठा भन्दा माठी २ कठ्ठा सम्मको | ७५ |
| | २ कठ्ठा भन्दा माथी ३ कठ्ठा सम्मको | ७५ |
| | ३ कठ्ठा भन्दा माथी ५ कठ्ठा सम्मको | ७५ |
| | ५ कठ्ठा भन्दा माथी प्रती कठ्ठा थप | ७५ |
| ३१. | ले आउट सिफारीस दस्तुर १००० ब.फी. सम्म | ४०० |
| | ले आउट सिफारीस दस्तुर १००० ब.फी. भन्दा माथी | ५०० |
| ३२. | घर/जग्गा मुल्यांकन दस्तुर प्रति हजारमा | ०.५% |
| ३३. | **रिक्सा/सिटी सफारी दर्ता दस्तुर** | |
| | मजदुरको हकमा | २०० |
| | अन्यको हकमा | ३०० |
| | रिक्सा नामसारी दस्तुर | |

| क्र.सं. | बिबरण | दररेट |
|---|---|---|
| | | १% |
| ३४. | **रिक्सा/सिटी सफारी नविकरण दस्तुर**<br>रिक्सा मजदुरको हकमा<br>रिक्सा अन्यको हकमा<br>सिटी सफारी नविकरण दस्तुर | <br>निशुल्क<br>५०<br>५०० |
| ३५. | **निजी बिद्यालय कक्ष थप सिफारीस दस्तुर**<br>माध्यमिक तह<br>आधारभुत तह | <br>१००००<br>५००० |
| ३६. | **निजी बिद्यालय नयां संचालन सिफारीस दस्तुर**<br>माध्यमिक तह<br>आधारभुत तह | <br>५०००<br>३००० |
| ३७. | **उद्योग सिफारीस दस्तुर**<br>साना उद्योग<br>मझौला उद्योग<br>ठुला उद्योग | <br>१०००<br>५०००<br>१०००० |
| ३८. | उजुरी दर्ता दस्तुर (व्यक्ति विशेषमा मात्र) | २५० |
| ३९. | वहाल कर | १% |
| ४०. | घर नक्सा फाराम | ५०० |
| ४१. | ब्यवसाय दर्ता दस्तुर | १५० |
| ४२. | अंग्रेजी सिफारीस दस्तुर | ५००० |
| ४३. | संस्था दर्ता दस्तुर | १५०० |
| ४४. | **नक्कल दस्तुर**<br>नक्सा पास सम्बन्धी नक्कल<br>घरनक्साको नक्कल<br>व्यवसाय प्रमाण पत्रको नक्कल<br>एकिकृत सम्पत्ति कर रसिदको नक्कल<br>अन्य कागजातहरुको नक्कल | <br>२५ प्रतिपाना<br>२५ प्रतिपाना<br>१० प्रतिपाना<br>१० प्रतिपाना<br>५ प्रतिपाना |
| ४५. | एकिकृत सम्पत्ति करको निवेदन छपाई शुल्क | ६० |
| ४६. | दर्ता नविकरण दस्तुर | २० |
| ४७. | निवेदन छपाई (फारम शुल्क) | २० |

# घर नक्सा दस्तुर

| बिबरण | दररेट |
|---|---|
| क. भुई तला आर.सी.सी. छाना | ७०० बर्ग फिट सम्म रु. ३।०० प्रति बर्गफिट |
| | ७०१-१२०० बर्ग फिट सम्म रु. ४।०० प्रति बर्गफिट |
| | १२०१ बर्ग फिट भन्दा माथि रु. ५।०० प्रति बर्गफिट |
| ख. प्रथम तला आर.सी.सी. छाना | ७०० बर्ग फिट सम्म रु. ४।०० प्रति बर्गफिट |
| | ७०१-१२०० बर्ग फिट सम्म रु. ५।०० प्रति बर्गफिट |
| | १२०१ बर्ग फिट भन्दा माथि रु. ६।०० प्रति बर्गफिट |
| ग. दोश्रो तला आर.सी.सी छाना. | ७०० बर्ग फिट सम्म रु. ५।०० प्रति बर्गफिट |
| | ७०१-१२०० बर्ग फिट सम्म रु. ६।०० प्रति बर्गफिट |
| | १२०१ बर्ग फिट भन्दा माथि रु. ७।०० प्रति बर्गफिट |
| घ. भुई तला छाना टिन | ७०० बर्ग फिट सम्म रु. २।०० प्रति बर्गफिट |
| | ७०१-१२०० बर्ग फिट सम्म रु. ३।०० प्रति बर्गफिट |
| | १२०१ बर्ग फिट भन्दा माथि रु. ४।०० प्रति बर्गफिट |
| ङ. प्रथम तला छाना टिन | ७०० बर्ग फिट सम्म रु. ५।०० प्रति बर्गफिट |
| | ७०१-१२०० बर्ग फिट सम्म रु. ५।०० प्रति बर्गफिट |
| | १२०१ बर्ग फिट भन्दा माथि रु. ६।०० प्रति बर्गफिट |
| च. दोश्रो तला छाना टिन | ७०० बर्ग फिट सम्म रु. २।०० प्रति बर्गफिट |
| | ७०१-१२०० बर्ग फिट सम्म रु. ३।०० प्रति बर्गफिट |
| | १२०१ बर्ग फिट भन्दा माथि रु. ५।०० प्रति बर्गफिट |
| छ. कम्पाउण्ड वाल | ७०० रनिङ्ग फिट सम्म रु. २।०० प्रति र. फिट |
| | ७०१-१२०० रनिङ्ग फिट सम्म रु. ३।०० प्रति र. फिट |
| | १२०० रनिङ्ग फिट भन्दा माथि रु. ४।०० प्रति र. फिट |
| ज. निर्माण कार्य सम्पन्न ईजाजत दस्तुर | रु. १०००।०० |
| झ. तल्ला थप ईजाजत दस्तुर | रु. ५००।०० |
| ञ. घर नक्सा नामसारी दस्तुर | स्वच्छाले बिक्री गरेमा प्रति बर्गफिट रु. ३।०० |
| | अंशबण्डा भै आएको संरचनाको नक्सा नामसारी प्रति बर्गफिट रु. २।०० |
| | घर जग्गाधनीको मृत्यु भई नामसारी भएमा प्रति बर्गफिट रु. १।०० |

- पुराना घरहरु घर कायम गर्ने हकमा माथी उल्लेखित दस्तुरको ५०% घटाई राजश्व लाग्नेछ ।
- माथि उल्लेखित दररेटमा एकल महिला, अति विपन्न, दलित, सिमान्तकृत, अपाङ्गता भएका व्यक्तिका हकमा ५०% छुट दिईनेछ ।
- सामुदायिक बिद्यालय, सिकाई केन्द्र, मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चको नक्सा पास गर्दा कुनै पनि शुल्क लिने छैन ।
- उजुरी वापत लाग्ने दस्तुरको हकमा न्यायीक समितिको संयोजकले मुद्दाको प्रकृति हेरी केही वा सम्पूर्ण दस्तुर मिनाहा गर्न सकिनेछ ।

# मालपोत दस्तुर

| क.सं. | बिबरण | दररेट |
|---|---|---|
| १. | ० देखि १० धुर सम्मको | प्रतिकठ्ठा रू. ५ रूपैया । जरिवाना साविकमा तोकिए अनुसार नै हुने जरिवाना साविकमा तोकिए अनुसार हुनेछ । |
| २. | १० धुर भन्दा माथी १ कठ्ठा सम्मको | |
| ३. | १ कठ्ठा भन्दा माठी २ कठ्ठा सम्मको | |
| ४. | २ कठ्ठा भन्दा माथी ३ कठ्ठा सम्मको | |
| ५. | ३ कठ्ठा भन्दा माथी ५ कठ्ठा सम्मको | |
| ६. | ५ कठ्ठा भन्दा माथी प्रती कठ्ठा थप | |

*माथी उल्लेखित दरहरु देखि बाहेक अन्यको हकमा साविक बमोजिम नै हुनेछ*